# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


### ऋण प्रवाह तथा संस्थागत शेयर निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति : २०७५/०१/१०)

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार उद्योग तथा वाणिज्य क्षेत्रमा छुट्याईएको रकम स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित उद्योग संचालनको लागि सम्बन्धित उद्यमीलाई कुल लगानीको पचास प्रतिशत ऋण(३५ प्रतिशत) र अनुदान(१५ प्रतिशत) प्रदान गर्ने र सहकारी क्षेत्रमा छुट्याईएको रकम नगरपालिकाको छनौटमा परेका यस नगरपालिका क्षेत्रभित्रका विपन्न समूदायका लक्षित वर्ग क्षेत्रको लागि बचत तथा ऋण सहकारी संस्थामा प्रति व्यक्ति रु.५,०००।०० (अक्षरुपी पांच हजार रुपैयां)को दरले संस्थागत शेयर निर्माण गर्ने प्रयोजनार्थ आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत उद्योग तथा उद्यमशीलता प्रवर्द्धधन कोष संचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधी, २०७४ को खण्ड १२.१ मा “कोषमा जम्मा भएको रकममध्ये नगरसभाबाट स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम अनुसार उद्योग तथा वाणिज्य, सहकारी, युवा स्वरोजगार, गरिवी निवारण लगायतको शीर्षकमा ऋण तथा अनुदान दिने भनि विनियोजन भएको रकम नगरपालिका क्षेत्रभित्र उपलब्ध वित्तिय संस्था मार्फत परिचालन र वितरण हुने व्यवस्था मिलाईनेछ ।”, खण्ड १२.२ मा “खण्ड १२.१ मा उल्लेख भएअनुसारको कार्य गर्न पहिलो पटक नगरपालिका क्षेत्रभित्र रहेका वित्तिय संस्थाहरुसँग प्रस्ताव माग गरिनेछ ।” र खण्ड १२.३ मा “प्राप्त प्रस्तावको आधारमा वित्तिय संस्थाको छनौट गरी ऋण तथा अनुदान परिचालन र वितरणको व्यवस्था गरिनेछ ।” भनि उल्लेख भएको व्यवस्था अनुसार देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि देहाय बमोजिम उल्लेखित कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले सात(७) दिनभित्र कार्यालय समयमा इच्छुक वित्तिय संस्थाहरु(बचत तथा ऋण सहकारी)ले सिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**(क) शर्तहरु**

**१.** वित्तिय संस्था यस नगरपालिकाका १४ वटै वडामा कार्यक्षेत्र भई नगरपालिका क्षेत्रभित्रका नेपाली नागरिकहरु त्यसका सदस्य रहेर यस नगरपालिकामा दर्ता भएको बचत तथा ऋण सहकारी संस्था हुनुपर्नेछ ।

२. छनौट भएको वित्तिय संस्थाले ऋण प्रदान गर्ने सम्बन्धमा उक्त वित्तिय संस्थाले अवलम्बन गर्ने प्रचलित वित्तिय कानूनहरुको पालना गर्नुपर्नेछ ।

३. उद्यमी, उद्योग, व्यवसाय वा सहकारीलाई बढिमा २ वर्षको लागि ६% ब्याजदरमा ऋण उपलब्ध गराउनु पर्नेछ । प्राप्त ऋणमध्ये ऋण प्राप्त गरेको मितिले चार/चार महिनामा ऋणीले वित्तिय संस्थामा ब्याज वापतको रकम बुझाउनुपर्नेछ ।

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


४. नगरपालिकासँगको सम्झौता अनुसार बैंक तथा वित्तिय कारोवार सम्बन्धी कानून बमोजिम तोकिएका ढाँचामा हिसाबकिताव राख्नु र सावाँ तथा ब्याज समयमा नतिर्ने ऋणीलाई वित्तिय कसुर तथा सजाय सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्नु सम्बन्धित वित्तिय संस्थाको कर्तव्य हुनेछ ।

५. उद्योग तथा उद्यमशीलता प्रवर्द्धन कोष संचालन सम्बन्धी कार्यविधि, २०७४ को खण्ड १६ बमोजिम गठित समितिको सिफारिसमा ऋण तथा अनुदान प्रदान गर्नुपर्नेछ । साथै सोही समितिबाट सिफारिस व्यक्तिहरुलाई बचत तथा ऋण सहकारी संस्थामा संस्थागत शेयर निर्माण गरिदिनु पर्नेछ ।

**६. प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्ने वित्तिय संस्थाले नगरपालिकाको तर्फबाट माथि उल्लेखित दरमा ऋण प्रवाह गरेवापत नगरपालिकाबाट के कति दरमा सुविधा प्राप्त गर्ने हो सो समेत स्पष्ट रुपमा खुलाई पेश गर्नुपर्नेछ ।**

७. प्रस्ताव दर्ता गर्दा प्रस्ताव दर्ता वापत रु. १,०००/- (एक हजार रुपैयाँ) तिरेको रसिद संलग्न गर्नुपर्नेछ ।

८. अनुदान तथा ऋण वापतको रकम पहिलो चरणमा रु. ३८ लाख ४० हजार र संस्थागत शेयर वापतको रकम पहिलो चरणमा रु. ४१ लाख ६६ हजार ६ सय ७० हुनेछ ।

९. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिकरुपमा प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।

**(ख) प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरु :-** सहकारी दर्ता प्रमाणपत्र, सोको नवीकरण, संस्थाको विनियम, वार्षिक साधारणसभाको निर्णय, लेखापरीक्षण प्रतिवेदन, बार्षिक कार्यक्रम नीति तथा योजना, खुद बचत सम्बन्धी नीति तथा योजना, सञ्चालकहरूको नाम तथा बाँकी कार्यावधिको सूची, साधारणसभाको बैठक सम्बन्धी जानकारी, शेयर सदस्य संख्या र शेयरपूँजी, सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम, दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

नोट : थप जानकारी नगरपालिकाको सम्पर्क नं. ९७४८५८३१३८ बाट वा नगरपालिकाको आधिकारीक Website www.aathbiskotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

रामबहादुर के.सी.

नि. प्रमुख प्रशासकीय अधिकृत